**कञ्चनपुरको वेलौरीमा प्राकृतिक वनस्पतिबाट निर्मित हस्तकलाका सामग्रीहरु उत्पादन सम्बन्धी तालिम उद्‌घाटन कार्यक्रम सम्पन्न**

(कञ्चनपुर, १५, २०७५)

स्थानीयस्तरमा पाईने विभिन्न प्रकारका प्राकृतिक वस्तुहरुबाट हस्तकलाका सामाग्रीहरु उत्पादन गरी ग्रामिण उद्यमसिलता र आर्थिक उपार्जन गर्नको निमित्त कञ्चनपुर जिल्लाको बेलौरी न.पा. ४ मा तालिम उद्‌घाटन कार्यक्रम सम्पन्न भयो । नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको आयोजकत्व, प्रज्ञा स्मृति प्रतिष्ठानको सह-आयोजकत्व तथा नेपाल महिला उद्यमसिल महासंघको समन्वयमा सञ्चालित उक्त कार्यक्रमको सभापतित्व दुर्गा खरेलले गरेका थिए । प्रमुख अतिथि खानेपानी तथा सरसफाई मन्त्री मा. बिना मगरज्यूले कार्यक्रमको उद्‌घाटन गर्दै ग्रामिण महिलामा उद्यमसिलता बढाई आत्मनिर्भर बनाउन यस्ता कार्यक्रम अत्यन्त महत्वपूर्ण हुने बताउनु भयो । भारतमा रोजगारीको निमित्व जानुपर्ने बाध्यतालाई पनि यस्ता तालिमले हटाउन मद्दत मिल्ने र नयाँ नयाँ अवसरहरुको श्रृजना गर्ने बताउनु भयो ।

विशिष्ट अतिथि व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक श्री सरद विक्रम राणाले यहाँका विभिन्न संगठित महिलाहरुलाई यस्ता तालिमले अझ उर्जासिल र व्यावसायीक बनाउने उल्लेख गर्दै निकट भविष्यमा केन्द्रले सेनेटरी प्याड निर्माण तालिम सञ्चालन गराउने बताउनु भयो । नेपाल महिला उद्यमसिल महासंघकी केन्द्रीय अध्यक्ष श्री देवीका बुढाथोकीले पटेरबाट उत्पादित सामाग्रीको आफुहरुले बजारीकरणको राम्रो व्यवस्था मिलाईदिने उल्लेख गर्नु भयो ।

बेलौरी नगरपालिकाका प्रमुख श्री पोटीलाल चौधरीले यस स्थानमा पर्याप्त आर्थिक सम्भाव्यता रहेको र त्यसलाई परिचालन गर्न यस्ता तालिम कार्यक्रम महत्वपूर्ण रहेको भन्दै क्षणिक स्वार्थमा नलागी निरन्तरको व्यवसायीकता अंगाल्न तालिममा सहभागि हुनेलाई सचेत गराउनु भयो । प्रदेश सांसद, स्थानीय तहका विभिन्न पदाधिकारी लगायतका विशिष्ट व्यक्तिहरुको बाक्लो उपस्थिति रहेको यस कार्यक्रम कञ्चनपुर उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न भएको थियो ।




प्राकृतिक वनस्पतिबाट बन्ने हस्तकलाका सामाग्रीहरु
उत्पादन सम्बन्धी तालिम कार्यक्रम
उद्घाटन समारोह
२०७५ मंसिर १५ गते


प्राकृतिक वनस्पतिबाट बन्ने हस्तकलाका सामाग्रीहरु
उत्पादन सम्बन्धी तालिम कार्यक्रम
उद्घाटन समारोह


बेलौरी उद्योग वाणिज्य